बेसीशहर न.पा., लमजुङ
दर्ता नं.:
दर्ता मितिः

**प्राविधिक खटिनु पूर्व बनेको घरहरुलाई निजी आवास पुनर्निर्माण अनुदान रकम उपलब्ध गराउने सम्बन्धी कार्यविधि**

२०७५ माघ ३ मा बसेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण निर्देशक समितिको बैठकबाट निर्णय भएअनुसार प्राविधिक खटिनु पूर्व बनेका घरहरुलाई निजी आवास पुनर्निर्माणको एकमुष्ट अनुदान रकम उपलब्ध गराउने प्रयोजनका लागि निम्नानुसार प्रक्रिया अवलम्बन गर्नेः

१. प्राविधिक खटिनु पूर्व घर बनाएको भनी अनुदान माग गर्ने भूकम्प पीडित राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको पुनर्निर्माण लाभग्राही सूचीमा नाम समावेश भएको र अनुदानको दोस्रो किस्ता नलिएको हुनु पर्ने छ ।
२. लाभग्राहीले प्राधिकरणले प्राविधिक परिचालन गर्नु पूर्वनै उक्त घरहरुको निर्माण सम्पन्न गरेको भनी सम्बन्धित स्थानीय तहबाट प्रमाणित भएको हुनुपर्नेछ ।
३. स्थानीय तहमा परिचालित प्राविधिकहरुले प्राधिकरणको निजी आवास पुनर्निर्माण प्राविधिक निरीक्षण (पहिलो संशोधन) कार्यविधि, २०७५ अनुसार निरीक्षण (Inspection) गरी अनुसूची (१) को ढाँचामा आवश्यक विवरण संकलन गरी वडा अध्यक्ष र गाउँपालिका/ नगरपालिकाका अध्यक्ष/प्रमुख बाट प्रमाणिकरण गराई जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन) मा पठाउने ।
४. जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन) ले यस्ता घरहरुको भिन्नै लगत राखी लाभग्राहीले पाउन बाँकी किस्ता रकम एकमुष्ट भुक्तानीका लागि आवश्यक रुजु गरी सिफारिश सहित प्राधिकरणले तोकेको प्रक्रिया अनुसार जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) मा पठाउने ।
५. जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) ले जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन) बाट प्राप्त सिफारिशहरुको आवश्यक रुजु गरी भिन्नै लगत राखी यस्ता घरहरुलाई लाभग्राहीले पाउन बाँकी किस्ता रकम अनुदान उपलब्ध गराउने ।
६. जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) ले भुक्तानी प्राप्त गर्ने लाभग्राहीको सूची प्राप्त गरेपछि कार्यालयमा आवश्यक लगत राखी लाभग्राहीले पाउन बाँकी किस्ता रकम भुक्तानीका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउने ।
७. लाभग्राहीले पाउन बाँकी किस्ता रकम भुक्तानी गर्नका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयको LMBIS मा आवश्यक सुधारका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको सूचना व्यवस्थापन शाखा र आर्थिक प्रशासन शाखाले आवश्यक व्यवस्था मिलाउने ।
८. कोष तथा लेखा नियन्त्रक कार्यालयले आवश्यक प्रक्रिया पूरा गरी लाभग्राहीहरुलाई लाभग्राहीले पाउन बाँकी किस्ता रकम भुक्तानी गर्ने ।
९. कोष तथा लेखा नियन्त्रक कार्यालयबाट भुक्तानीको चेक प्राप्त भएपछि जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) ले सम्बन्धित लाभग्राहीको तोकिएको खातामा रकम जम्मा गरिदिने र बैंकले लाभग्राहीले पाउन बाँकी किस्ता रकम दिने ।
१०. जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) ले यस्ता लाभग्राहीहरुलाई अनुदान उपलब्ध गराई सो को विवरण केन्द्रीय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा पठाउने ।

अनुसूची १

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
## सिंहदरबार, काठमाण्डौं

### स्थानीय तहमा प्राविधकहरु खटिनु/पुग्नु अगाडी लाभग्राहीहरु स्वयंले बनाई अनुदान रकम प्राप्त नगर्ने घरहरुको लगत संकलन फाराम

जिल्लाः  गा.पा./न.पा.:  वडा नं:

| सि. नं | लाभग्राहीको नाम,थर | लाभग्राहीको संझौता क्रम संख्या | हालको ठेगाना | | | | अनुदान संझौता मिति | हालसम्म लिएको अनुदानको किस्ता | घर निर्माण सम्पन्न मिति | पुर्ननिर्माण सम्पन्न घरमा लाभग्राही बसोवास गरिरहेको छ/ छैन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जिल्ला | गा.पा./न.पा. | वडा नं | टोल /वस्ती | | | | | |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | |
| १० | | | | | | | | | | | |

कुल लाभग्राहीको संख्याः

तयार गरी पेश गर्ने (फिल्ड ईन्जिनियर)
नाम, थरः
पदः
हस्ताक्षरः
मितिः

वडा अध्यक्षको सिफारिश
नाम, थरः
हस्ताक्षरः
मितिः

स्थानीय तहको अध्यक्ष वा प्रमुखको सिफारिश
नाम, थरः
हस्ताक्षरः
मितिः

जि.आ.का.ई (भवन) को सिफारिश
नाम, थरः
पद
हस्ताक्षरः
मितिः

जि.आ.का.ई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) को सिफारिश
नाम, थरः
पद
हस्ताक्षरः
मितिः